नगरपालिकाको १९औं नगरसभामा

## उप प्रमुख श्री प्रतिक्षा सिंजालीद्वारा प्रस्तुत

आर्थिक बर्ष २०८३/८४ को बजेट वक्तव्य

# तानसेन नगरपालिका

तानसेन पाल्पा

२०८३ असाढ ९

*नगरसभाका अध्यक्षज्यू,*
*नगरसभाका सदस्यज्यूहरु,*

सार्वभौमसत्ता सम्पन्न जनताको संघर्षवाट भएको परिवर्तनको महत्वपूर्ण उपलव्धीको रुपमा प्राप्त नेपालको संविधानको धारा २३० बमोजिम तानसेन नगरपालिकाको उपप्रमुखको हैसियतले यस सम्मानित नगरसभामा आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

यस अवसरमा लोकतन्त्र प्राप्ति तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने महान शहीदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। सङ्घर्षको क्रममा घाइते, अपाङ्गता भएका व्यक्ति, बेपत्ता नागरिक लगायत सबै जनसमुदायप्रति उच्च सम्मान प्रकट गर्दछु ।

उत्तरदायी शासन, सदाचार र नागरिक सम्मानको पक्षमा उठेको परिवर्तनकामी युवाशक्तिको जागरणबाट भएको राजनीतिक परिवर्तन तथा नेपालको राजनीतिमा उमेरको पुस्तान्तरणसँगै राष्ट्रिय जीवनका सबै आयाममा रूपान्तरणको उत्कट प्रतीक्षालाई आत्मसात् गर्दै नीति, कानून, संस्था, पद्धति, प्रक्रिया, नेतृत्व र नियतमा परिष्कारपूर्वक सुशासनका मानक स्थापित गर्न हामी कटिबद्ध छौं।

"समृद्धः सांस्कृतिक शहर" सहितको आवधिक योजना नगरपालिकाले स्वीकृत गरेको छ। आवधिक योजनाको लक्ष्य एवम् उद्देश्य प्राप्ति र नागरिकको जीवनमा परिवर्तन अनुभूति हुनेगरी बजेट तथा कार्यक्रम तर्जुमा गरेकोछु।

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामार्फत नगरको अर्थतन्त्रलाई सुदृढ बनाउँदै उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरणमार्फत समाजवाद उन्मुख अर्थतन्त्र समृद्ध तानसेन नगरपालिका निर्माणमा सघाउ पुग्नेगरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गरेकोछु।

**सभाध्यक्ष ज्यू,**

सर्वप्रथम तानसेन नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को जेष्ठ मसान्त सम्मको संक्षिप्त आय व्ययको समीक्षा प्रस्तुत गर्न चाहन्छु ।आर्थिक वर्ष २०८२/०८३ का लागि संसोधित कुल रकम रु. १ अरब ३९ करोड ७६ लाख २० हजार ३०७ आय हुने अनुमान भएकोमा जेष्ठ मसान्त सम्म कुल ९२ करोड ७२ लाख ०९७ अर्थात ६५.१८ प्रतिशत आय प्राप्त भएको छ । प्राप्त भएको आय मध्ये यस अवधिमा चालु खर्च तर्फ ६७ करोड २४ लाख १३ हजार ४६५ अनुमान गरिएकोमा ४५ करोड ४७ लाख २९ हजार ६५४ खर्च भएको तथा पूँजिगत तर्फ रु. ७५ करोड ०१ लाख ०६ हजार ८४२ अनुमान गरिएकोमा कुल २५ करोड ३६ लाख १०

हजार ९४४  गरी कुल रु. ७० करोड ८३ लाख ४० हजार ५९८ अर्थात ४९.७९ प्रतिशत खर्च भएकोछ ।

आय तर्फ यस अवधिमा आन्तरिक राजश्व १० करोड ८८ लाख ५५ हजार ९६९  आय हुने अनुमान गरिएकोमा जेष्ठ मसान्त सम्म रु.५ करोड ६२ लाख ८० हजार ७९६ आम्दानी भइ ५१.७० प्रतिशत आय प्राप्त भई सकेकोछ । सङ्घ तर्फ समानीकरण अनुदान रु. १५ करोड ३८ लाख आम्दानी प्राप्त हुने अनुमान प्राप्त भएकोमा जम्मा रु.१४ करोड ०६ लाख ५० हजार १०० अर्थात ९१.६२ प्रतिशत मात्र प्राप्त भएकोछ । समपुरक अनुदान तर्फ १ करोड २० लाख  प्राप्त हुने सिलिङ्ग प्राप्त भएकोमा हाल ३९ लाख ९९ हजार ६००  निकासा भएको छ। त्यसै गरी सशर्त अनुदान तर्फ ७५ करोड ३० लाखको ४० हजार सिलिङ्ग प्राप्त भएकोमा ५० करोड ८७ लाख ४३ हजार २२८ प्राप्त भएकोछ ।राजश्व बाँडफाँडमा रु १० करोड ८८ लाख ८१ हजार ७२४ सिलिङ्ग  प्राप्त भएकोमा १० करोड ३३ लाख ६६ हजार १५० प्राप्त भएको छ ।

त्यसै गरी लुम्बिनी  प्रदेश सरकारवाट समानीकरण अनुदान तर्फ रु १ करोड ०८ लाख १५ हजारको सिलिङ्ग प्राप्त भएकोमा ८१ लाख ११ हजार  २५० गरी प्राप्त भएको छ । सशर्त अनुदान तर्फ १ करोड ५५ लाख ०८ हजारको अनुमान गरिएकोमा  १ करोड ५५ लाख ०८ हजार प्राप्त भएको छ । राजश्व बाँडफाँड तर्फ १ करोड ३० लाख ३८ हजार प्राप्त हुनेमा  १ करोड २६ लाख ०३ हजार ३७१ मात्र प्राप्त भएको छ। सङ्घ तथा प्रदेशबाट प्राप्त हुने समानीकरण अनुदान, राजश्व बाँडफाँड तथा सशर्त अनुदान समेत परिवर्तन हुने अवस्थाका कारण कार्यक्रम तथा योजनाको भुक्तानी दिने दायित्व बढ्ने सम्भावना देखिएकोछ ।

**सभाध्यक्ष ज्यू**

अव म आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार गर्दाका आधारहरु पेश गर्दछु ।

आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घ तथा प्रदेश कानूनहरु र लिएका नीति, कार्यक्रम र बजेट बक्तव्य, दिगो विकासका लक्ष्य, नेपाल सरकारको १६औं आवधिक योजना, तानसेन नगरपालिकाको आवधिक नगर विकास योजना (२०८१/८२-२०८५/८६) र नगरपालिकाको नीति तथा कार्यक्रम, विभिन्न राजनीतिक दल, जनप्रतिनिधि, स्थानीय बुद्धिजीवी, समाजसेवी एवं विकास बिज्ञहरुको राय सल्लाह सुझाव र नागरिक सम्मानको पक्षमा उठेको परिवर्तनकामी युवाशक्तिको जागरणबाट भएको राजनीतिक परिवर्तन समेतलाई मूल आधारका रुपमा लिइएको जानकारी गराउँदछु।

**बजेट तथा कार्यक्रमका उद्देश्यहरु :**

**सभाध्यक्ष ज्यू,**

आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटका उद्देश्यहरु निम्नानुसार रहेको जानकारी  गराउछु:

१.कृषिको व्यवसायिकरण तथा उत्पादन, उत्पादकत्व बृद्धि र पर्यटन विकास मार्फत रोजगारी सृजना गर्ने र गरीबी न्यूनिकरण गर्दै जीवनस्तर सुधार गर्ने,
२.सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै विकासमा साझेदार बनाउन प्रेरित गर्ने,
३.नगरवासीको न्यूनतम आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्ने,
४.उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग गर्ने,
५.समाजवाद उन्मुख, आत्मनिर्भर समाज निर्माण गर्न सहयोग पुरयाउने,
६.बजेट, नीति तथा कार्यक्रमलाई दिगो विकास लक्ष्यसँग तादम्यता कायम गर्ने,
७.सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता र उत्तरदायित्व पालना गराउदै वित्तीय अनुशासन र सुशासन कायम गर्ने,

**सभाध्यक्ष ज्यू,**

अब म आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु पेश गर्न चाहन्छु ।
आगामी वर्षको बजेट तर्जुमा गर्दा निम्न विषयहरु प्राथमिकतामा राखी बजेट विनियोजन गरेकोछु।

क. कृषि क्षेत्रको व्यवसायीकरण, बजारीकरण र आधुनिकीकरण तथा पर्यटन विकास
ख. सार्वजनिक सेवा प्रवाह र सुशासन
ग. शिक्षामा गुणात्मक विकास
घ. आय आर्जन र स्वरोजगार
ङ. पूर्वाधार विकास र पुँजी निर्माण
च. मानव संसाधन विकास
छ. वातावरण संरक्षण र विपद् व्यवस्थापन

**सभाध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत विषय बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छुः

**क.आर्थिक विकास**

बाँझो जग्गामा खेती गर्न इच्छुक कृषकलाई प्रोत्साहन गर्नको लागि बाँझो जग्गामा उत्पादन निरन्तरताको लागि रु.१२ लाख विनियोजन गरेकोछु । कृषि व्यवसाय प्रवर्द्धन गर्न हेफर प्रोजेक्ट नेपालसँगको साझेदारीको लागि रु. ५६ लाख बजेट विनियोजन गरेकोछु । संघीय सरकारको हस्तान्तरित कार्यक्रम अन्तर्गत माटो स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत रु ७ लाख बजेट विनियोजन गरेकोछु ।
दुग्ध उत्पादक कृषकलाई उत्पादन कार्यमा निरन्तरता दिन सहुलियत कार्यक्रम अन्तर्गत प्रतिलिटर रु.३ अनुदान प्रदान गर्न रु.३० लाख विनियोजन गरेकोछु ।उद्यमी व्यवसायी क्षमता विकास तालिम कार्यक्रमको लागि रु. ५ लाख बजेट विनियोजन गरेकोछु ।

प्राचीन तथा पुरातात्विक महत्वका हाम्रा धरोहरहरु अमरनारायण मन्दिर, तानसेन दरबार, नर्मदेश्वर शिवालय, रानीमहल तथा  श्रीनगर  सौन्दर्यीकरण जीर्णोद्वार तथा विकासको लागि रु ७० लाख बजेट विनियोजन गरेकोछु।

साहसिक खेलमार्फत युवा सहभागिता अभिबृद्धिका साथै पर्यटनसँग युवा कार्यक्रम लगायतका कार्यक्रमको लागि रु. ४५ लाख विनियोजन गरेकोछु । कृषि पर्यटन रोजगार मेला कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिन रु.२० लाख बिनियोजन गरेकोछु ।

**आर्थिक विकास क्षेत्र अन्तर्गतका कार्यक्रम सञ्चालन गर्न  कुल रु.६ करोड १६ लाख  ८५ हजार बजेट विनियोजन गरेकोछु ।**

**ख. सामाजिक विकास**

स्वास्थ्य क्षेत्रको पूर्वाधार निर्माणको लागि एकीकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रम अन्तर्गत स्वास्थ्य ईकाइ पूर्वाधार मर्मतको लागि  प्रदेश साझेदारी समेत गरी रु.२१ लाख बजेट विनियोजन गरेकोछु ।गर्भवती, सुत्केरी, आमा र बच्चाको लागि पोषणको अभाब हुन नदिनको लागि उपप्रमुखसँग गर्भवती सुत्केरी स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिई सोको लागि रु.४ लाख विनियोजन गरेकोछु । आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद सङ्घीय तथा पालिकासमेत गरी रु. ३२ लाख ८८ हजार बजेट विनियोजन गरेकोछु ।

सङ्घीय सरकारको नीति अनुसार महिला शिक्षक प्रसुति बिदामा बसेको अवधिमा विद्यार्थीहरुको अध्यनलाई निरन्तरता दिनेगरी प्रसूति सट्टा शिक्षक व्यवस्थापन निरन्तरता दिएकोछु यसको लागि रु.७ लाख विनियोजन गरेकोछु ।

छोरी शिक्षा छात्रवृत्ती कार्यक्रमलाई यस आर्थिक बर्षमा निरन्तरता दिइ सो को लागि रु.२१ लाख विनियोजन गरेकोछु ।

विद्यालयमा आधारित विपद् जोखिम न्यूनीकरण श्रोत केन्द्र स्थापना तथा सञ्चालन कार्यक्रमको निरन्तरताको  लागि रु.२५ लाख बजेट विनियोजन गरेकोछु ।मागको आधारमा विद्यालय मर्मत सम्भार रङ्गरोगन तथा फर्निचर व्यवस्थापन  गर्नेकामलाई निरन्तरता दिइनेछ जसको लागि यस आर्थिक बर्षमा रु. ५० लाख बजेट विनियोजन गरेकोछु ।

"स्वास्थका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" भन्ने राष्ट्रिय नारालाई सार्थक पार्नको लागि फुटवल, भलिवल, क्रिकेट, व्याडमिन्टन लगायत विद्यालय स्तरीय खेलकुद तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि खेलकुद प्रतियोगित सञ्चालन तथा निरन्तरता दिदै उल्लेखित प्रतियोगिताका लागि रु.४० लाख ५० हजार विनियोजन गरेकोछु ।

लक्षित समुह अन्तर्गत महिला, बालबालिका, ज्येष्ठनागरिक, दलित, आदिवासी -जनजाती, द्वन्द्वपीडित, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति तथा समूहको आयआर्जन तथा क्षमता बिकास कार्यक्रमको लागि रु.३० लाख बिनियोजन गरेकोछु । 'ग' बर्गका अपाङ्गता भएका व्यक्तिका लागि प्रदान गरेको सामाजिक सुरक्षा भत्ता लाई निरन्तरता दिई रु. ७ लाख विनियोजन गरेकोछु ।

परापूर्वकाल देखि चलिरहेका विभिन्न जात्रा नै तानसेनको पहिचान रहेकोले कला संस्कृति जात्रा सम्पदा संरक्षण तथा प्रोत्साहनको लागि रु. १२ लाख बिनियोजन गरेकोछु ।

**समग्र सामाजिक विकास क्षेत्रका कार्यक्रम सञ्चालन गर्न कुल रु. ५१ करोड ५१ लाख ९२ हजार विनियोजन गरेकोछु ।**

## ग .भौतिक पूर्वाधार विकास

शहरी शासकीय क्षमता विकास कार्यक्रम अन्तर्गतको डुम्रे गुफाचौर सडक चालु आर्थिक बर्षमा कार्यसम्पन्न भएको तथा स्थानीय पूर्वधार सहयोग कार्यक्रम (LISP) को अनुदान समेत यस बर्ष प्राप्त नहुने अवस्थामा पूर्वाधार विकासमा श्रोतको अभाव र दवाव पर्ने देखिएको छ । मेयर पूर्वाधार कार्यक्रम र स्थानीय पूर्वाधार विकास कार्यक्रम ५०/५० लागत साझेदारीमा पूर्वाधार विकासको लागि बजेट बढाएर पूर्वाधार विकासलाई निरन्तरता दिइएकोछ ।
कैलाशनगर देखी श्रीनगर सम्मको कालो पत्रे तथा लाइटिङ्ग व्यवस्थापन सौन्दर्यकरणको लागि रु. १ करोड, स्थानीय पूर्वाधार बिकास कार्यक्रमको लागि रु.१ करोड ७३ लाख मेयरसँग पूर्वाधार कार्यक्रमको लागि रु.१ करोड बजेट विनियोजन गरेकोछु । पर्यटक आगमन तथा पर्यटकीय चहलपहल बढाउन वडा नं. २ र ६ जोड्ने झोलङ्गे पुल निर्माण गरी सौन्दर्यीकरण तथा लाइटिङ्ग ब्यवस्था गर्ने योजना रहेकोछ, यसको लागि यस बर्ष रु ८० लाख बजेट विनियोजन गरेकोछु । यस बर्ष वडा कार्यालयहरु निर्माण सम्पन्न गर्नेगरी रु.३३ लाख विनियोजन गरेकोछु ।नगरपालिका भित्रका सडकहरुको पुर्वाधार परीक्षण तथा ढल व्यवस्थापन यन्त्र खरिद र ल्याब स्थापना तथा व्यवस्थापनका लागि रु.२० लाख विनियोजन गरेकोछु ।सङ्घीय सरकार समपुरक अनुदान अन्तर्गत कोलाहाले खयरतुङ्ग नामीकुवा लुहुङ्ग सडक स्तरोन्नतिका लागि रु. १ करोड २५ लाख तथा प्रदेश समपुरक अन्तर्गत गोर्खेकोट सातलखोला टिमुरे बगनासकाली सीमाना मोटरबाटो स्तरोन्नतिका लागि रु.१ करोड २० लाख र बौघागुम्हा छेर्लुंग सडक स्तरोन्नति रु १ करोड २० लाख बजेट विनियोजन गरेकोछु ।

**समग्र भौतिक पुर्वाधार तर्फ कुल रु.३३ करोड १८ लाख २० हजार विनियोजन गरेको छु ।**

## घ. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउन युवा पुस्ताका सेवाग्राहीमैत्री सेवा प्रदान गर्नुका साथै सूचना प्रविधि कार्यक्रम र योजना व्यवस्थापनमा सफ्टवेयर प्रयोग गरी सेवा प्रवाहमा सुशासन कायम गरिनेछ । सङ्घ, प्रदेश तथा स्थानीय तह समन्वय र साझेदारीमा नवप्रवर्तन तथा सूचना प्रणालीमा आधारित नागरिकमैत्री सेवा प्रवाहलाई निरन्तर परिष्कृत गर्दै लगिनेछ ।

राजस्व अभिवृद्दि तथा नयाँ क्षेत्र पहिचान र विस्तार गरिनेछ । सार्वजनिक सुनुवाई, एकीकृत घुम्ती शिविर, सामाजिक परीक्षण, बजार अनुगमन आयोजना बैङ्क लगायत कार्यक्रमको लागि रु.१३ लाख बजेट विनियोजन गरेकोछु ।जनप्रतिनिधि निर्वाचित भएर आएदेखि गरेका कार्यको अभिलेखीकरण गरिनेछ यसको लागि रु. ५ लाख बजेट विनियोजन गरेकोछु ।जनगुनासो सम्बोधन गर्नको लागि जनताको घरदैलोमा मेयर कार्यक्रम अन्तर्गत रु. २ लाख  बिनियोजन गरेकोछु ।भूमि वर्गीकरणको कार्यक्रमलाई पूर्णता दिइनेछ ।विपद् व्यवस्थापनको लागि रु. ३० लाख विनियोजन गरेको छु ।छाडा चौपाया व्यवस्थापन गर्न रुरु गौशाला व्यवस्थापनको लागि रु. १० लाख विनियोजन गरेकोछु ।न्यायीक समिति तथा मेलमिलाप केन्द्र व्यवस्थापन तथा सञ्चालनको लागि रु. १० लाख विनियोजन गरेकोछु ।

**समग्र संस्थागत  क्षमता विकास तथा सेवा प्रावाहको क्षेत्रमा कुल २ करोड १० लाख ३४ हजार विनियोजन गरेको छु ।**

**ङ. कार्यालय सञ्चालन तथा प्रशासनिक**

सेवा प्रवाहका अभिन्न अङ्गका रुपमा रहेका कर्मचारीहरुलाई सेवा प्रवाहमा उत्प्रेरित तथा उच्च मनोवल वृद्धि गरिनेछ । सङ्घीय सरकारले गरेको कर्मचारी प्रोत्साहन तथा पारिश्रमिक वृद्धि अनुसार कर्मचारीको पारिश्रमिक वृद्धि गरिनेछ ।कर्मचारीलाई जवाफदेहिता तथा सेवा प्रवाह चुस्तता ल्याउन कार्यसम्पादन सम्झौतालाई निरन्तरता दिइनेछ । कर्मचारी मुल्याङ्कन प्रणाली परिष्कृत गरिनेछ ।

**कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको लागि वडा तथा पालिका समेत गरी रु. १३ करोड ९६ लाख ६५ हजार बजेट विनियोजन गरेकोछु ।**

**सभाध्यक्ष ज्यू,**

उपरोक्त अनुसारका योजना तथा कार्यक्रम सञ्चालनका लागि कुल रु.१ अर्व ०६ करोड ९४ लाख ७५ हजार  खर्च हुने गरी प्रस्ताव गरेकोछु । समग्रमा आगामी आर्थिक वर्ष २०८३/८४ को लागि वित्तीय व्यवस्था तर्फ रु. ९० लाख ३३ हजार समेत गरी चालु खर्च तर्फ रकम रु.६८ करोड ५३ लाख ६२ हजार  (६४.०८%) र पूँजिगत खर्च तर्फ रकम रु.३८ करोड ४१ लाख १२ हजार (३५.९२%) रहेकोछ ।

आन्तरिक राजस्व वृद्धि गरी आत्मनिर्भरता बढाउन र क्षमता विकास हुँदै जाने देखिएतापनि कर राजस्वको दर वृद्धि ले नगरवासीमा असर पर्ने हुँदा सम्पत्ति कर, सिफारिस दस्तुर लगायतका करका दरहरु यथावत कायम राखी राख्दै नयाँ कराधार तथा नयाँ कर क्षेत्र समावेश गरी पेश गरेकोछु ।आन्तरिक राजस्व सुदृढीकरणको लागि राजस्व सुधार योजना अनुरुप आयको बृद्धि गर्ने गरी राजश्व सम्बन्धी कानून, राजस्व प्रणाली र राजस्व प्रशासनमा सुधार गर्दै लागिनेछ । व्यवसाय कर,

सम्पत्ति कर, बहाल कर आदि जस्ता करका महत्वपूर्ण श्रोतहरुको उपयोगको लागि अध्ययन गर्न उद्योग वाणिज्य सङ्घ तथा व्यापार सङ्घसँग सहकार्य गर्दै कर चेतना तालिम कार्यक्रम समावेश गरिनेछ ।

आगामी आर्थिक वर्षको लागि विनियोजन गरिएका योजना तथा कार्यक्रमको खर्च व्यहोर्ने आय श्रोत मध्ये संघ सरकारबाट समानीकरण अनुदान तर्फ रु.१५ करोड ५५ लाख, समपुरक अनुदान तर्फ रु. ५० लाख, सशर्त अनुदान चालु तर्फ रु.४२ करोड ३२ लाख, पूँजीगत तर्फ रु.१ करोड २५ लाख, विशेष अनुदान १ करोड र राजश्व बाँडफाँड तर्फ ११ करोड ३० लाख ३७ हजार बजेट प्राप्त भएको छ । त्यसै गरि प्रदेश सरकारबाट समानीकरण अनुदान रु.१ करोड ०८ लाख ८६ हजार, सशर्त अनुदान रु.१ करोड २५ लाख २५ हजार, , समपुरक अनुदान १ करोड २० लाख, राजस्व बाँडफाडँबाट रु. १ करोड ४४ लाख ०९ हजार प्राप्त प्राप्त भएको छ । यसैगरी आन्तरिक आय तर्फ आन्तरिक राजश्व १० करोड अनुमान गरिएको छ । नगर विकास कोष ४ करोड ९० लाख, जनसहभागिता तर्फ रु.१ करोड, आगामी आर्थिक बर्षको लागि सरिजाने मौज्दात १७ करोड ७६ लाख १८ हजार अनुमान गरि पेश गरेको छु । **यसरी नगरपालिकाको आगामी आर्थिक बर्षको लागि कुल आय रु.१ अर्ब ०६ करोड ९४ लाख ५० हजार हुने अनुमान गरि पेश गरेको छु।**

बजेट सम्बन्धी विस्तृत विवरण अनुसूचीमा समाबेश गरेकोछु ।

**अन्त्यमा,**

आर्थिक बर्ष २०८३/०८४ को आर्थिक ऐन र विनियोजन ऐन तयार गर्न आ—आफ्नो ठाउँबाट राय सुझाव दिई सहयोग गर्नुहुने आम नगरवासी, राजनैतिक दलका नेतृत्वगणहरु, नगर प्रमुखज्यू, लगायत सम्पूर्ण सभा सदस्यज्यूहरु, बुद्धिजीवी वर्ग, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, संचारकर्मी लगायत सबैमा आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु। बजेट कार्यान्वयनमा पनि सम्पूर्ण पक्षबाट महत्वपूर्ण र सकारात्मक सहयोग मिल्ने विश्वास लिएको छु। धन्यवाद।

**प्रतीक्षा सिंजाली**
**उप प्रमुख**
**२०८३ असार ०९ गते**